लेखापरीक्षण प्रतिवेदन

निस्दि गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

निस्दि गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/41

श्रीमान् अध्यक्षज्यू,

निस्दी गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय, पाल्पा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/41

श्रीमान् अध्यक्षज्यू,
निस्दी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मित्याल, पाल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले यस गाँउपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस गाँउपालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ गाँउपालिकाको आय तथा व्यय तर्फ रु.१ अर्ब ३१ करोड ३३ लाख १५ हजार लेखापरीक्षण गरिएकोमा रु.३ करोड ७१ लाख ८१ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु.३ करोड १ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु. २५ लाख ४६ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.४४ लाख ५३ हजार बाँकी रहेको छ। गत वर्षसम्म रु.१८ करोड ६६ लाख ४७ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.४ लाख ३५ हजार बेरुजु सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजु रु.२२ करोड ३३ लाख ९३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निस्दी गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत निस्दि गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४१	१४	३,७१,८१,०७२	०	०	०	०	४१	१४	३,७१,८१,०७२	३,०१,८२,७०७	२५,४५,५५०	४४,५२,८१५	०	०	६९,९८,३६५	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाल्पा	१८,६६,४७,०००	-	४,३५,२५३	१८,६२,११,७४७	-	३,७१,८१,०७२	२२,३३,९२,८१९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	५४.८	१५ शैयाको अस्पताल निर्माण	४,३५,२५३
जम्मा				४,३५,२५३

निस्दि गाउँपालिका, पाल्पा

(८०५५०५०२३००)

निस्दी गाउँपालिका , पाल्पा

परिचय

१ **परिचय** -

(क) गाँउपालिका परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले निस्दि गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा, १९४.५ वर्ग किलोमिटर क्षेत्रफल तथा १८१२० जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।६ देखि २०८२।५।१० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु. १ अर्ब ३१ करोड ३३ लाख १५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -२ मा संलग्न छन् ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६१,६६७।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

बिवरण	भौचर नं	रकम रु.
सामाजिक सुरक्षा	९०००५८२२४०	६१,६६७

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
शरु मौज्दात		७,५२,५३,३५५.२	चालु खर्च		३८,०२,०४,५५९.२२
१.संचित कोष	६,४९,४३,९४६.४		१.पालिका तर्फ	१२,८४,३६,८९५.९४	
२.धरौटी	६०,६०,१७४.०५		२.संघिय सशर्त	२५,१७,६७,६६३.२८	
३.कार्यसञ्चालन कोष			३.संघिय विशेष	०	
क प्रकोप (व्यवस्थापन)	६,३९,७६९		४.प्रदेश शसर्त	०	
ख कर्मचारी कल्याण कोष	७,००,०००		५.प्रदेश विशेष	०	
ग मर्मत सम्भार कोष	१६,५९,५२३.२७		पुँजीगत खर्च		१२,६५,१२,८२५.२८
घ विविध खर्च खाता कोष	११,४९,९४२.४८		१.पालिका तर्फ	९,८३,९६,२८७.२८	
ङ लैङ्गिक हिंसा निवारण कोष	१,००,०००		२.संघिय सशर्त	१२,००,०००	
४.अन्य कोष	०		३.संघिय विशेष	०	
यस वर्षको आय			४.संघीय समपुरक	१,५०,००,०००	
१आन्तरिक आय	२,१३,२७,१८८.०६	२,१३,२७,१८८.०६	५.प्रदेश शसर्त	४९,१६,५३८	
२(संघ) वित्तीय हस्तान्तरण		४९,४७,७०,८४४.७५	६.प्रदेश विशेष	०	
क समानीकरण अनुदान	८,४१,४३,९२०		७.प्रदेश समपुरक	७०,००,०००	
ख राजस्व बाँडफाँट	११,८३,११,४२४.७५		अन्तर सरकारी अख्तियारी (संघ)		११,४६,८१,४७१
ग सशर्त अनुदान	२७,७३,१५,५००		क सामाजिक सुरक्षा	८८,१८,८७१	
घ समपुरक अनुदान	१,५०,००,०००		ख एकिकृत स्वास्थ्य पुर्वधार विकास कार्यक्रम	२,५९,८३,०००	
ङ विशेष अनुदान	०		ग स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५,१०,०००	
च रोयल्टी	०		अन्तर सरकारी अख्तियारी प्रदेश		
छ अन्य	०		ऋण फिर्ता साँवा		
३.वित्तीय हस्तान्तरण प्रदेश		२,७३,६५,७९०.६९	ऋणको ब्याज भुक्तानी		
क समानीकरण	६०,७१,०००		धरौटी फिर्ता तथा	४,८६,५५८	४,८६,५५८

अनुदान			सदर स्याहा		
ख राजस्व बाँडफाँट	८१,९०,२५२.६९		कार्यसञ्चालन कोषबाट भएको खर्च		६,९४,८४४
ग सशर्त अनुदान	५२,७९,५३८		क प्रकोप (व्यवस्थापन)	६,७५,०००	
घ समपुरक अनुदान	७०,००,०००		ख मर्मत सम्भार कोष	१९,८४४	
ङ विशेष अनुदान	८,२५,०००		अन्य कोष बाट भएको खर्च		
च रोयल्टी	०		गैरसरकारी संस्थाबाट भएको सञ्चालित योजना		
छ अन्य	०		अन्य सहयोगमा सञ्चालित योजना		
४.अन्तर सरकारी अख्तियारी (संघ)		११,४६,८१,४७१	अन्य खर्च भएमा		
क सामाजिक सुरक्षा	८,८१,८८,४७१		अनुदान फिर्ता		
ख एकिकृत स्वास्थ्य पुर्वधार विकास कार्यक्रम	२,५९,८३,०००		१.संघ तर्फ		
ग स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५,१०,०००		क सशर्त अनुदान	२४,३४,८३६।७२	२४,३४,८३६।७२
५.अन्तर सरकारी अख्तियारी (प्रदेश)			ख विशेष अनुदान	८,२५,०००	
६।ऋण वित्तिय व्यवस्था			ग समपुरक अनुदान	०	
७.धरौटी आय	३८,५५,३३९		२.		
८.कार्यसञ्चालन कोष आय		२३,९३,९२३			
क प्रकोप (व्यवस्थापन)	६,७५,०००				
ख कर्मचारी कल्याण कोष	१०,००,०००				
ख मर्मत सम्भार कोष	७,१८,९२३		क प्रकोप (व्यवस्थापन)	६,३९,७६९	
९ राजस्व बाँडफाड आन्तरिक	८,०३,९७८.३८	८,०३,९७८।३८	ख कर्मचारी कल्याण कोष	१७,००,०००	
१० गैरसरकारी संस्थाबाट सञ्चालित			ग मर्मत सम्भार कोष	२३,५८,६०२.२७	

योजना					
११।अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			घ विविध खर्च खाता कोष	११,४९,९४२.४८	
१२ अन्य आय भएमा			४.अन्य कोष	०	
			ग समपुरक अनुदान	०	
			अन्तिम मौज्दात		९,२३,३५,७९५।८६
			१।संचित कोषको मौज्दात	७,६९,५८,५२७।०६	
			२.धरौटी आय	९४,२८,९५५.०५	
			३.कार्यसञ्चालन कोष आय		
			क प्रकोप (व्यवस्थापन)	६,३९,७६९	
			ख कर्मचारी कल्याण कोष	१७,००,०००	
			ग मर्मत सम्भार कोष	२३,५८,६०२.२७	
			घ विविध खर्च खाता कोष	११,४९,९४२.४८	
			४.अन्य कोष	०	
जम्मा		७४,०४,५१,८९०.०८	जम्मा		७४,०४,५१,८९०.०८

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८,८१,८८,४७१।- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २,५९,८३,०००।– स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५,१०,०००।- समेत गरी रु. ११,४६,८१,४७१।¬- एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।१० मा रु. ६१ करोड ४३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।३० पारित भएको छ । यसैगरी पालिका अध्यक्षले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **योजनाको प्राथमिकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १४४ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५लाख भन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय	१२	५	१	६
२.	वडा स्तरीय	१३२	२	२४	१०६
जम्मा		**१४४**	**७**	**२५**	**११२**

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १३९ योजना कार्यान्वियन भई ५ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

६ **त्रैमासिक खर्च** -

पालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा पालिकाले कुल पूजिगत खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा ९.८३ प्रतिशत, तेस्रो त्रैमासिकमा २२.६५ प्रतिशत तथा चौथो त्रैमासिकमा ६७.५१ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ४१.४० प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

(रकम रु हजारमा)

बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
पूँजीगत खर्चतर्फ	१२६५१२	७२६९	५१७७	२८६५३	८५४१३	५२३७३
खर्च प्रतिशत		५.७४	४.०९	२२.६५	६७.५१	४१.४०

यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ।

७ **तलवी प्रतिवेदन** -

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उपदफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकातर्फ २१ र स्वास्थ्य तर्फका ३१ गरी जम्मा ५२ जना कर्मचारीको रु. २,६८,९०,०३२।- तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

८ **गत विगतको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत

विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ५,०९,०४७।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

९ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम ६८ लाख १९ हजार खर्च गरेको छ। यस्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १२ करोड ६५ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पालिकाले कन्टिन्जेन्सी खर्चको अभिलेख निर्देशिका बमोजिम राखेको छैन।

• उपभोक्ता समितिलाई निर्माण सम्पन्न भएका योजनाहरु हस्तान्तरण गरेको छैन।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २२ लाख ११ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ४७ लाख ७९ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारिण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ।

१० **आन्तरिक लेखापरीक्षण** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्ने भन्ने व्यवस्था रहेको छ। गाउँपालिकाले यस वर्षको आय र व्ययको आन्तरिक लेखापरीक्षण गरेको छैन। ऐनमा रहेको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गरी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

११ **कार्यक्रम कार्यान्वयन** -

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। लेकडाँडा लिफ्ट खानेपानी योजना र जनप्रिय मा. वि. को छात्राबास निर्माण लगायतका बजेट विनियोजन भए तापनि कार्यान्वयन भएको छैन।कार्यान्वयन गर्न सकिने योजनामात्र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

१२ **स्वीकृत दरबन्दी र पदपूर्ति** –

गाउँपालिकाले कर्मचारी पदस्थापना गर्दा स्वीकृत दरबन्दी बमोजिम पदस्थापना गरी कार्य लगाउनुपर्दछ। स्वास्थ्य तर्फ स्वीकृत दरबन्दी ३७ रहेकोमा गाउँपालिकाले स्वयं संगठन तथा व्यवस्थापन (O & M) गरी १६ दरबन्दी सिर्जना गरेको छ। स्वास्थ्य तर्फका १६ जना र सामाजिक परिचालक ७ जना गरी २३ जना स्वास्थ्य सेवा तर्फ करारमा कर्मचारी राखी रु. ६४,७४,४००।- खर्च गरेको छ। स्वास्थ्य संस्थाबाट सेवा लिन आउने सेवाग्राही तुलनात्मक रुपमा कम रहेको, चौबिसै घण्टा संचालन गर्ने वर्थिङ सेन्टरको केस अनुसार वर्थिङ

सेन्टर समायोजन गर्नुपर्ने अवस्था रहेको छ। गाउँपालिकाले आफैँ O &M गरी कर्मचारी राखेको भन्ने भनाई रहेको छ।तसर्थ पालिकाले सेवा प्रवाहको अवस्था,सेवाग्राहीको अवस्था लगायतको विषयको विश्लेषण गरी दरबन्दी पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

१३ **अवकास कोष** -

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याणकारी कोषमा रु. १०,००,०००।- विनियोजन गरेपनि अवकाष कोष संचालनमा ल्याएको छैन।नियमावलीले गरेको व्यवस्था बमोजिम कोष संचालनमा ल्याउनुपर्दछ।भविष्यमा आइपर्ने दायित्व वहन गर्नको लागि ऐनले गरेको व्यवस्था बमोजिम अवकास कोषको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

१४ **स्थानीय भत्ता** –

८९८।०८२-३-२४ लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९ को बुदा नं १९ मा सार्वजनिक निकायको कार्यक्षेत्र तथा कार्यजिम्मेवारी भित्र पर्ने नियमित प्रकृतिको काम गरेबापत तलब वा पारिश्रमिक बाहेकको अन्य थप सुविधा तथा अतिरिक्त भत्ता लिन पाइने छैन भन्ने व्यवस्था छ। गाउँपालिकाले पालिकामा कार्यरत ५१ जना कर्मचारीको लागि बढीमा आधारभूत तलबको ३० प्रतिशत सम्म पदिय हिसाबमा स्थानीय भत्ता स्वरुप रु. २२,५३,८१८।- भुक्तानी गरेको छ।गाउँपालिकाको स्थानीय भत्ता कार्यविधि,२०७८ बमोजिम कार्यालय समयभन्दा अगि पछि ,सार्वजनिक विदाको दिन तथा अन्य थप कार्य गरे स्वरुप स्थानीय भत्ता दिन सक्ने व्यवस्था गरेको छ। सो स्थानीय भत्ता कार्यविधिमा स्पष्ट कार्यसम्पादन सूचक तोकिएको छैन। पालिकाले स्पष्ट के कामको लागि के कति जना कर्मचारी अतिरिक्त समय वस्नुपर्ने,सार्वजनिक विदाको दिन के कार्य गर्ने सो को कार्ययोजना सहित अतिरिक्त गर्नुपर्ने कामको कार्यसम्पादन सूचक र कर्मचारीको विवरण स्वीकृत गरी सो को आधारमा अतिरिक्त समयको खर्च लेख्नु पर्दछ। गाउँपालिकाले कानूनमा स्पष्ट व्यवस्था गरी आफ्नो आन्तरिक आयलाई समेत विचार गरी आन्तरिक खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्दछ।

१५ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार गरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई औषधी उपचार, आर्थिक सहयोगको लागि रु. ४,९९,८८०।- आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन।यस्तो आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।

१६ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १९ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका ११ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१७ **जिन्सी व्यवस्थापन** -

१७.१

जिन्सी निरीक्षण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९, ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ।जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१७.२

त्यसैगरी पालिकाले पाम्स V2 लागु गरेपछि खर्च भएर जाने बल्ब,ट्युबलाइट ४५९ वटा, स्ट्याम्प प्याड १०४ पिस,रिङ फाइल ३१५ वटा ,रेकर्ड फाइल ५०३ वटा लगायतका ५८० आइटमका २२४६१ परिमाण रु. २९,७४,८६०।– मूल्य बराबरको जिन्सी मौज्दातको विवरण अद्यावधिक गरेको छैन।

१८ **कृषि तथा पशु अनुदान** -

कृषि क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छिजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट कृषक र कृषक समुह गरी २३९८ जनालाई रु. ३५,४५,१३८।-खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

अनुदानको विवरण	**अनुदान रकम**	**कृषक वा समुहको नाम**	**लाभान्वित घरधुरी**	**जनसंख्या**
सुन्तला पकेट	१२,००,०००	बराह देवी कृषक महिला समूह (निस्दी-५, गल्धा)	२००	११५०
थ्रेसर मेशिन ७५%	३,४८,७५०	मोटेखर्क टोल विकास संस्था	१५०	६३०
पकेट विकास (कागती) ७५%	५०,०००	दिदिबैनी बहुउद्देश्यीय कृषि तथा पशुपन्छी फर्म (निस्दी १)	१	-
पकेट विकास (तरकारी) ७५%	५०,०००	राइबारी तरकारी फर्म (निस्दी २)	१	-
पकेट विकास (तरकारी)७५%	५०,०००	सारु कृषि तथा पशुपन्छी फर्म (निस्दी ४)	१	-
पकेट विकास (च्याउ)७५%	५०,०००	विपिन फलफुल कृषि तथा पशुपन्छी फर्म (निस्दी ५)	१	-
पकेट विकास (अदुवा)७५%	५०,०००	जन विकास कृषक समूह (निस्दी ७)	२५	१२७
मिनि टिलर ५०%	१२,८३,३१०	मिनि टिलर	६३	३३०
मिल ५०%	४,६३,०७८	कुटानी /पिसानी मिल	३१	१६१
जम्मा	**३५,४५,१३८**		४७३	२३९८

१९ **निःशुल्क शिक्षा** -

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२० **निःशुल्क पाठ्यपुस्तक** –

९१।०८१-१२-६,२०२।०८२-३-२२ शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका ०८१।०८२ बमोजिम विद्यालयलाई निः शुल्क पाठ्यपुस्तक वापत प्रथम किस्ता निकासा दिँदा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाब गरी दिनुपर्ने,शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको

आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिनु पर्ने व्यवस्था छ। गाउँपालिकाले निः शुल्क पाठ्यपुस्तक स्वरुप रु. २२,२२,५८७।- अनुदान निकासा दिँदा निर्देशिका बमोजिम दिएको छैन। मिति २०८१-१२-६ मा दिएको पहिलो निकासामा EMIS प्रतिवेदनलाई आधार लिएको छैन। चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाब गरी निकासा दिनुपर्नेमा ५१ वटै विद्यालयको पुरै विद्यार्थी संख्या भन्दा बढी हुने गरी निकासा दिएको छ। निर्देशिकाले भने बमोजिम दोश्रो निकासा दिँदा EMIS प्रतिवेदनलाई आधार लिएको तर विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण संलग्न गरी निकासा दिएको छैन। गाउँपालिकाले निर्देशिका बमोजिम निःशुल्क पाठ्यपुस्तक अनुदान दिदा प्रथम किस्ता विद्यार्थी संख्याको ७५ प्रतिशत र बाँकी विद्यार्थी भर्ना,पुस्तक खरिदको विल तथा वितरण भरपाईको आधारमा निकासा दिनुपर्दछ।

२१ **गाउँपालिका शिक्षक अनुदान** -

गाउँपालिकाले स्वयंसेवक शिक्षकको तलब भत्ता स्वरुप रु. १७,७९,०००।- खर्च गरेको छ। पालिकाले EMIS प्रतिवेदन बमोजिम न्यून विद्यार्थी संख्या भएको विद्यालयमा समेत शिक्षक थप गरेको अवस्था छ। शिक्षा नियमावलीले गरेको व्यवस्था बमोजिम विद्यार्थी शिक्षक अनुपात मिलाई आवश्यक विद्यालयमा मात्र शिक्षक थप गरी खर्च लेख्नु पर्दछ।

२२ **दिवा खाजा** –

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (चालु) तर्फ कक्षा १ -५ मा अध्ययनरत विद्यार्थीको लागि दिवा खाजाको व्यवस्था गरिएको छ। प्रति विद्यार्थी प्रति दिन रु. १५।-को दरले १८० दिनको बजेट व्यवस्था भई संघीय बजेटबाट रु. ४६,८७,०००।- खर्च भएको छ। गाउँपालिकाले संघीय सरकारको यसै कार्यक्रममा कक्षा ६-८ को लागि र कक्षा १ -५ को थप रु. ५।- समेत प्रतिदिन रु. २०।- को दरले दिवा खाजा खुवाउने व्यवस्थाको लागि रु. ५३,००,०००।- बजेट व्यवस्था गरी रु. ४९,६०,०००।- खर्च गरेको छ।गाउँपालिकाले संघ तथा प्रदेशको मिल्दो कार्यक्रममा रकम थप नगरी अन्य आयमूलक,रोजगारी सिर्जना हुने तथा उत्पादनमूलक कार्यक्रममा बजेट विनियोजन गर्नुपर्दछ।

२३ **कार्यक्रममा समन्वय** –

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक,वार्षिक,रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने,योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर,आम्दानी र रोजगार बढ्ने जस्ता योजना छनौट गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले ऐनले गरेको व्यवस्था बमोजिम नगरी देहायका कार्यक्रम संघीय सरकारको कार्यक्रम सँग मेलखाने गरी कार्यक्रम बनाएको छ। गाउँपालिकाले कार्यक्रममा दोहोरो नहुने गरी ऐनले गरेको व्यवस्था बमोजिम योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ।

कार्यक्रम	**लक्षित वर्ग**	**विनियोजन रकम**	**खर्च रकम**
दिवा खाजा कक्षा १-५ को लागि रकम थप र कक्षा ६-८ को नयाँ व्यवस्थापन	कक्षा १-५ को लागि रकम थप र कक्षा ६-८ को नयाँ व्यवस्थापन	५३,००,०००।-	४९,६०,०००।-
सामाजिक सुरक्षा भत्ता	अपाङ्ग ग वर्ग एकल पुरुष अभिभावक विहिन वालवालिका	२१,००,०००।-	१६,८३,०००।-
छात्रवृत्ति कार्यक्रम	विपन्न छात्रवृत्ति	४,००,०००।-	४,००,०००।-

२४ **विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम** –

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको पत्र बमोजिम कक्षा ६ र ९ मा अध्ययनरत विद्यार्थीले वार्षिक रु. ६,०००।- का दरले र कक्षा ९ मा प्राविधिक धारतर्फ अध्ययन गर्ने छात्रले समेत विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न सक्ने व्यवस्था गरेको देखिन्छ।संघीय सरकारको यस कार्यक्रममा रु. ६,५७,०००।- बजेट व्यवस्था रहेकोमा रु. १,९२,०००।- मात्र खर्च भएको छ। कक्षा ६ र ९ मा अध्ययनरत विद्यार्थी मध्ये ३२ जनाले मात्र यो छात्रवृत्ति प्राप्त गरेका छन्।पालिकाले कार्यक्रमको बारेमा प्रकाश पारी लक्षित विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सिर्जना गर्नुपर्दछ। शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम कुनै पनि छात्रवृत्ति रकम

दोहोरो हुने गरी वितरण गर्नुहुँदैन भन्ने व्यवस्था छ। गाउँपालिकाले गाउँपालिका चालुतर्फ विद्यार्थी छात्रवृत्ति कार्यक्रममा रु. ४,००,०००।- (८६९।०८२-३-२२) ५१ विद्यालयका १२२ जना विद्यार्थीलाई उपलब्ध गराएको छ। संघीय सरकार तर्फ कक्षा १-५ का दलित तथा छात्राहरुले संघीय सरकारबाट छात्रवृत्ति प्राप्त गरेको अवस्थामा पालिकाले समेत दोहोरो पर्ने गरी छात्रवृत्ति रकम वितरण गरेको छ।

२५ **औषधि खरिद** -

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षक र पालिका चालुतर्फ औषधि र उपकरण खरिद गरी शिवशक्ति मेडिकल स्टोर्स फर्मलाई रु. २२,९४,६२५।- भुक्तानी दिएको छ। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

२६ **धरौटी कट्टा** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) बमोजिम सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजक भुक्तानी गर्दा ५ प्रतिशत रिटेन्सन मनी बापत कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। औषधी खरिद ठेक्कामा गो.भौ.नं. ३८७-०८१।१२। १२ बाट शिवशक्ति मेडिकल स्टोर्सलाई रु. ८९२७९७ भुक्तानी गर्दा ५ प्रतिशतले हुने रिटेन्सन मनी रु. ४४,६४० कट्टा नगरेकोले सम्बन्धितबाट कट्टा गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४४,६४०

२७ **सामाजिक सुरक्षा भत्ता तर्फ** -

२७.१ **सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३ को दफा ११ को उपदफा (१) बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउन पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने उल्लेख गरिएको छ।उपदफा (२) मा कुनै लाभग्राहीको मृत्यु भएमा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना दर्ता गराउनुपर्दछ। यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले मृत्यु भएका निम्न व्यक्तिको लगत कट्टा पछिको पनि सामाजिक सुरक्षा भत्ता रु. ५०५७ बढी वितरण गरेकाले उक्त रकम असुल गर्नुपर्ने रु.

लाभग्राहीको नाम	भत्ताको किसिम	वडा	लगत कट्टा मिति	भुक्तानी भएको	भुक्तानी हुनुपर्ने	बढी भत्ता रकम
खगी सरा गाहा	जेष्ठ नागरिक भत्ता	७	२०८१/०८/१५	७९८०	४०००	३९९०
तेजन सिं सोमै	जेष्ठ नागरिक भत्ता	७	२०८१/०६/२२	१२०००	१०९३३	१०६७
जम्मा						५०५७

असुल गर्नुपर्ने	५,०५७

२७.२ सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १९ मा लगत कट्टा सम्बन्धी व्यवस्था रहेको छ। जसमा लगत कट्टा गर्नुपर्ने अवस्था सिर्जना भएको मितिबाट नै लगत कट्टा गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले ७० जनाको लगत कट्टा गर्दा देहाएका लाभग्राहीको लगत कट्टा भुक्तानी हुने त्रैमासिकको अन्तिम दिन गरेको पाइएको छ। पालिकाले घटना दर्तालाई व्यवस्थित गर्नुपर्दछ ।

क्र स	त्रैमासिक	लगत कट्टा मिति	सङ्ख्या
१	असोज	२०८१/०६/३०	४
२	पौष	२०८१/०९/२९	१०
३	चैत्र	२०८१/१२/३०	६

२८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ७ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई औसत ९७ दिनले ६६८ दिन रोजगारी उपलव्ध गराई रु. ४२,१५,७४८।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२९ **राजस्व असूली** –

पालिकाको विवरण बमोजिम विभिन्न शिर्षकमा गरी राजस्व असूली रु. ६७,०१,१३१।- रहेको छ। पर्यटन शुल्क,परीक्षा शुल्क,सिफारिश दस्तुर,अन्य क्षेत्रको आय,व्यवसाय रजिस्ट्रेशन दस्तुर,व्यवसाय कर लगायतको क्षेत्रमा ०८०।८१ को तुलनामा यस वर्ष केही प्रशिशत वृद्धि भएको छ भने सम्पत्ति करमा ४८ प्रतिशत,भूमिकर/मालपोत ८.६३ प्रतिशत, बहालकर ८५ प्रतिशत, दहत्तर बहत्तर शुल्क १५ प्रतिशतले कमि भएको छ। पालिकाले सबै क्षेत्रको आय वृद्धि हुने गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

३० **आन्तरिक आयतर्फ -**

गाउँपालिकाको IEE प्रतिवेदन बमोजिम नदीजन्य पदार्थ संकलन हुने १२ घाट मध्ये २ वटा घाटमा मात्र ठेक्का लागेको र अन्य १० वटामा वडाबाट नै संकलन भएको छ। यस वर्ष नदीजन्य पदार्थबाट ठेक्का र अमानत गरी रु. १४,४५,८९२।- राजस्व संकलन भएको छ,सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः

३०.१ घाटगद्धी नगरेको – ठेक्का लागेको २ नाका (ढुङ्गाना वेशी र निस्दि खोला ढुङ्ग्री घाट) मा सप्लायर्सले संकलन गर्ने नदीजन्य पदार्थ संकलन गरी घाटगद्धी गर्ने व्यवस्था गर्नुपर्दछ। घाटगद्धी नगरी नापजाँच नहुने अवस्थामा सप्लायर्सले के कति परिमाणमा नदीजन्य पदार्थ संकलन गर्‍यो सो को नियन्त्रण गर्न सकिदैन। संकलित नदीजन्य पदार्थको घाटगद्धी गरी नापजाँचको आधारमा प्रमाणित नगदी रसिदको आधारमा नदीजन्य पदार्थको निकासीको वातावरण मिलाउनुपर्दछ।

३०.२ गैह्रसरकारी व्यक्तिबाट राजस्व संकलन – ठेक्का नलागेका अन्य १० घाटवाट वडाहरुले नदीजन्य पदार्थ संकलन गर्ने कार्य गैह्रसरकारी व्यक्तिमार्फत नगदी रसिदको आधारमा संकलन गरेको छ। राजस्वमा प्रयोग हुने नगदी रसिद गैह्रसरकारी व्यक्तिलाई प्रयोग गर्न दिने कानूनी व्यवस्था छैन। गैह्रसरकारी व्यक्तिबाट संकलित राजस्वको १० प्रतिशत संकलन कर्तालाई नै छुट दिने गरी कार्यपालिकाले निर्णय गरेको छ।वडा नं ४ र ६ मा राजस्व संकलन गर्ने व्यक्तिलाई राजस्व रकम रु. २५,२२१।- छुट दिइएको छ। गाउँपालिकाले आफ्नै जनशक्तिबाट राजस्व संकलन कार्य नगरी राजस्व छुट दिने कार्य कानून सम्मत नदेखिएको रु.

अनियमित भएको	२५,२२१

३१ **कार्यक्रम वर्गिकरण** –

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक,वार्षिक,रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने, योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,रोजगारी सिर्जना गर्ने प्रकृतिका योजना बनाई कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले ऐनले तोके बमोजिमका योजनाहरु जोड दिनुपर्दछ। यस वर्षका छनौट गरिएका कतिपय योजना स्पष्ट नभई दलित,जनजाति,युवा,महिला विविध,शिक्षा विविध,आर्थिक सहयोग तथा विविध जस्ता कार्यक्रममा रु. ७६,९४,०००।- बजेट विनियोजन भएको छ। विषय वस्तु स्पष्ट र कार्यक्रमको विषय छुट्टिने गरी बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

३२ **जनप्रतिनिधि तथा कर्मचारी तालिम** –

लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९ को वुदा नं २१ मा तालिम कार्यक्रम मितव्ययी हुनुपर्ने,तालिम कार्यक्रम संचालन गर्दा उपलब्ध भएसम्म सरकारी निकायका तालिम हल वा सभाहल प्रयोग गरी सार्वजनिक खर्च मितव्ययी हुनुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले जनप्रतिनिधि तथा कर्मचारी तालिम र सकारात्मक सोच तालिम कार्यक्रममा विनियोजन रु. ९,००,०००।- बाट रु. ८,२४,२१८।- खर्च गरेको छ।निर्देशिका बमोजिम तालिम कार्यक्रम मितव्ययी हुनुपर्नेमा पालिकाले सो तालिम कार्यक्रम आफ्नो कार्य क्षेत्र भन्दा बाहिर काठमाडौको एक होटलमा संचालन गरेको छ। कार्यपालिकाको मिति २०८१-१२-१९ गतेको निर्णयले तालिम कार्यक्रम काठमाडौमा संचालन गर्ने निर्णय गरेको छ। गाउँपालिकाले मितव्ययी रुपमा तालिम संचालन गर्नुपर्नेमा जनप्रतिनिधि १५ जना र कर्मचारी ६ जना गरी २१ जना पदाधिकारी/कर्मचारीलाई बुद्धभूमि कन्सल्टिङ प्रा. लि. प्रस्तावदाता छनौट गरी होट्टल बद्रीनाथ,गौशाला काठमाडौमा तालिम कार्यक्रम २०८१ बैशाख १८ देखि २२ सम्म ५ दिन संचालन भएको छ। गाउँपालिकाका ३८ जना जनप्रतिनिधि सबैले तालिम लिन नसकेको,सबै कर्मचारी उपस्थित हुन नसक्ने र तालिम कार्यक्रम समेत बढी खर्च हुने गरी भएको छ। निर्देशिकामा उल्लेख गरे बमोजिम २ वटा तालिम कार्यक्रमको रु. ८,२४,२१८।- पदाधिकारी र कर्मचारीको दैनिक भ्रमणमा रु. १,४५,७२५।- समेत जम्मा रु. ९,६९,९४३।- आफ्नो कार्य क्षेत्र भित्र नगरी मितव्ययी नभएको खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	९,६९,९४३

३३ **परामर्श सेवा खरिद** –

सार्वजनिक खरिद ऐन,२०६३ को दफा २९ मा सार्वजनिक निकायले निकायमा उपलब्ध जनशक्तिबाट कुनै कार्य हुन नसक्ने अवस्थामा कुनै व्यक्ति,फर्म वा संस्थाबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था गरेको छ।ऐनको दफा ६ क बमोजिम सेवा खरिदको लागि खरिदको प्रकृति अनुसार परामर्शदाताको मौजुदा सूची तयार गर्नुपर्ने तथा मौजुदा सूची अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले देहायको कार्यमा निकायमा उपलब्ध जनशक्तिबाट सो कार्य हुन सक्ने नसक्ने तथा सेवा प्रदायक संस्थाको मौजुदा सूची अद्यावधिक गरेको विवरण प्राप्त भएन। गाउँपालिकाको लागि आवश्यक सेवाको परामर्श कार्यको सम्झौतामा भुक्तानी प्रकृया,Draft Report दिने समय सो परीक्षण पश्चात अन्तिम प्रतिवेदन दिने गरी विषय उल्लेख गरेको छैन। पालिकाले ऐन तथा नियमावलीले गरेको विषयहरु खुलाई परामर्श सेवा खरिद गर्नुपर्दछ।

सेवाको किसिम	**परामर्शदाता**	**भुक्तानी रकम**
आवधिक योजना	वारवरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि.	१९,३७,९५०।-
वास योजना	एच.एन.एम.इन्जिनियरिङ एण्ड कन्सल्टेन्सी प्रा.लि.	१६,९९,६३३।-
विपद जोखिम नक्शाङ्कन	अस्त्र इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.	४,९६,०७०।-
गाउँशिक्षा योजना	संकल्प अध्ययन केन्द्र प्रा. लि.	२,९९,९०२।-
	जम्मा	४४,३३,५५५।-

३४ **अन्य निकायको खर्च -**

३३६।०८१-११-२८ गाउँपालिकाले अन्य निकाय खर्च स्वरुप प्रहरी चौकी व्यवस्थापन तथा सव डिभिजन वन कार्यालयको लागि फर्निचर तथा मेशिनरी औजार तर्फ रु. ६,२१,४७७।- खर्च गरेको छ। खरिद गरी हस्तान्तरण गरेका सामानको दाखिला प्रतिवेदन प्राप्त भएको छैन। पालिकाले आफ्नो कार्य क्षेत्रका कार्यक्रममा खर्च गर्नुपर्नेमा संघीय तथा प्रदेश कार्यालयबाट गरिने खर्चमा अन्य निकायको खर्च स्वरुप खर्च व्यहोरेको अनियमित खर्च रु.

अनियमित भएको	६,२१,४७७

३५ **पुँजीगत खर्चको अवस्था -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा संभव भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु. १५,२४,९५,८२५ खर्च गरेकोमा रु. ९,८८,४२,६३१।- अर्थात् ६४.८१ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. १७,३५,४४३।-, सोझै तथा अमानतबाट रु. १,१५,१९,३०५।- र उपभोक्ता समितिबाट रु. ४,०३,९८,४४६।- को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३६ **अर्चले अधुरो लिफ्ट खानेपानी योजना निस्दी ६-**

स्वीकृत ईकाइदर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५(२) मा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत बुझि प्रारम्भिक चरणमा गरिने निर्माण कार्यको बढी दर उल्लेख गरेको यकिन गरी जाँच गर्नुपर्नेछ र समितिले दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नुपर्नेछ । पालिकाले यस योजनामा देहाय बमोजिम आईटम लागत अनुमान दर भन्दा अस्वभाविक रुपमा बढी दरले निर्माण व्यवसायीबाट पेश हुँदा जाँच र दर बिश्लेषण सहितको स्पष्टीकरण माग गरेको नदेखिएकोले सो वापतको भुक्तानी नियमसम्मत नदेखिएको रु.

ठेक्का नं	आईटम	लागत दर	स्वीकृत दर	फरक दर	परिमाण	मूल्य
०१-०८१।८२	टि.ओ.डी. मिटर लिफ्टीङ्ग (घरको जस्तो)	३,५००	६०,०००	५६,५००	२ वटा	१,१३,०००

अनियमित भएको	१,१३,०००

३७ **लालीगुरास प्रा.वि. ट्रस भवन निर्माण निस्दी १ -**

क्रमागत योजनामा बजेट निरन्तरता - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६(१३) मा केन्द्रीय निकायले वित्तीय हस्तान्तरण अन्तर्गतको सशर्त अनुदान रकमको प्रस्ताव गर्दा चालू कार्यक्रमको निरन्तरता, त्यस्तो खर्चको आवश्यकता, पुप्ट्याई र कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ । प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत कार्यान्वयनमा रहेको यस योजनामा आर्थिक वर्ष २०८१।०८२ मा रु. ७,०४,७१७।- खर्च भई फाउन्डेशन र ट्रसको कार्य भएको देखिन्छ । विद्यालय भवन पुरा निर्माण नभएकोमा आर्थिक वर्ष २०८२।०८३ मा प्रदेशबाट उक्त अनुदान निरन्तरता नपाएको तथा पालिकाले समेत आफ्नो बजेटमा नसमेटेकोले योजना अधुरो भई उपयोग विहिन बन्न पुगेको देखिन्छ । तसर्थ बजेट निर्माण गर्दा क्रमागत योजनालाई प्राथमिकता दिई तर्जुमा गर्नुपर्दछ ।

३८ **केम खाम्चा मार्ग -**

मिति २०८० भाद्र ३० मा रु. १ ८,०६,७४,३३९.१४ लागत अनुमानको कार्य महेश ईन्जिनियरिङ्ग एण्ड विल्डर्स प्रा.लि.सँग रु. १५,६३,१९,८३९.८९ मा २०८२ कार्तिक १३ गते सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हालसम्म पाँचौ रनिङ्ग बिलसम्म रु. ६,५२,१६,५६९.७४ को कार्य भएको छ । यस वर्ष गो.भौ.नं. २१७,१८,२३,१२७,८,७,५६,५,२ बाट रु. ४,४३,३७,३७५।- भुक्तानी भएकोमा सोको परीक्षणबाट देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्,:

३८.१ ल्याब परिक्षण खर्च र रिपोर्ट- पालिका र निर्माण व्यवसायीसँग भएको सम्झौतामा ल्याब स्थापना गर्न रु. ५००,००० तथा उक्त प्रयोगशाला संचालन खर्च रु. १०,४०,००० भुक्तानी गर्ने उल्लेख भएकोमा हालसम्म ल्याब स्थापना वापत रु.२७१२३८ र ल्याब संचालन वापत रु. ८,८०,००० भुक्तानी भएको छ । पालिकाले हरेक आई पि सि भुक्तानी गर्दा उल्लेखित खर्च बमोजिमको ल्याब रिपोर्ट संलग्न गरी भुक्तानी दिनुपर्नेमा निर्माण व्यवसायीले नियमित ल्याब रिपोर्ट पेश गरेको नदेखिएको तथा ल्याव स्थापना भई सम्झौता बमोजिम संचालन भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	११,५१,२३९

३८.२ पेश्की भुक्तानी र फछ्र्यौट- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछ्र्यौट हुन नसकेमा सार्वजनिक निकायले बैक जमानतको रकम सम्बन्धित बैकबाट प्राप्त गरि पेश्की फछ्र्यौट गर्नुपर्नेछ। पालिका र निर्माण व्यवसायीबिच भएको सम्झौताको SCC को GCC 57.3 मा "Advance payment completely repaid prior to the end of 80% of the approved contract period." भन्ने व्यवस्था रहेको देखिन्छ । उक्त व्यवस्था बमोजिम सम्झौता भएको अवधि २०८० भाद्र १३ देखि म्याद २०८२ कार्तिक १२ को ८० प्रतिशतले हुने अवधी २०८२ जेठ १ गते भित्र निर्माण व्यवसायीले लगेको पेश्की रु. २,४०,००,०००।- फछ्र्यौट भई सक्नुपर्नेमा हालसम्म पनि फछ्र्यौट हुन बाँकी देखिएकोले पेश्की जफत गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,४०,००,०००

३९ **जडान हुँन बाँकी सोलार -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ अनुसार निर्माण कार्यको लागि खरिद गरिएका निर्माण सामग्रीहरु जडान गरी नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले वडा नं ७ को लागि आर्कलाईट ट्रेडिङ्ग एण्ड सर्भिस प्रा.लि.बाट रु. ७,९६,९३६ को सोलार प्यानल खरिद गरी २०८२।०१।१० गो.भौ.नं. ९६ बाट भुक्तानी समेत गरेकोमा हालसम्म पनि उक्त सोलार जडान नभई उपयोग विहिन रहेको पाईएकोले जडान गरेको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	७,९६,९३६

४० **पाइप खरिद ठेक्का -**

पालिकाले विभिन्न खानेपानी योजनाका लागि रु. १४,४४,९८४ लागत अनुमानको कार्य मिति २०८१ कार्तिक १३ गते नेपाल ब्ल्याक गोल्ड एण्ड एलाईड ईण्डष्ट्रिजसँग रु. ९,५८,४०९.५० मा सम्झौता भई गो.भौ.नं. २३-०८१।०९।२९ बाट रु. ९५८४०९ भुक्तानी भएकोमा सोको परीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छः

कार्यसम्पन्न प्रतिवेदन र पाईपको संरक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ अनुसार निर्माण कार्यको लागि खरिद गरिएका निर्माण सामग्रीहरु जडान गरी नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले उल्लेखित ठेक्का बमोजिम खरिद गरेका बेलौजी खानेपानी योजना, पालिकास्तरीय खानेपानी योजना, गेझा खानेपानी योजना र वडा नं ७ पाईप खरिद योजनाका लागि खरिद गरेका रु. ९,५८,४०९।- को पाईप खन्ने पुर्ने सहितको नापी किताब र कार्यसम्पन्न पेश नगरी लेईङ र जोन्टिङ्को मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोले उल्लिखित योजनामा हस्तान्तरण भएका पाईप नापी किताबमा चढाई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुका साथै सोही बमोजिम उपभोक्ताको अंश समेत कायम गर्नुपर्दछ । पाईपलाईन खन्ने र पुर्ने कार्य उपभोक्ता समितिबाट नगराउँदा डढेलो लगायतका विपद्ले योजनामा क्षति पुग्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४१ **मुख्य प्रशासनिक भवन -**

५।०८१-८-९,२१६।०८२-३-२३ ठेक्का नं. ०९-०७७।७८ को लागत अनुमान रु. ७,३८,९२,५१२.१७ को कार्य मिति २०७८ कार्तिक ११ गते निर्माण व्यवसायी रबिना श्रेया आदर्श जेभीसँग रु. ५,२७,२५,८९०.४३ मा शुरु सम्पन्न मिति २०८०।१०।२९ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा पाचौंपटक म्याद थप सहित सम्पन्न गर्नुपर्ने मिति २०८२।०६।३० कायम गरिएको छ । चौथो रनिङ्ग

बिलसम्म रु. २,२३,६१,०१०.६९ को कार्य सम्पन्न भई रु. १,०८,७०,५९७।- भुक्तानी भएकोमा सोको परीक्षण गर्दा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्,:

४१.१ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको म्याद थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने व्यवस्था छ।पालिकाले तपसिल बमोजिमको खरिद सम्झौतामा नियमावलीले गरेको व्यवस्था बमोजिमको कारण उल्लेख गरी म्याद थप गरेको छैन। यसरी काबु वाहिरको परिस्थिति बाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

क्र.सं.	ठेक्का नं.	सम्झौता मिति	शुरु सम्पन्न मिति	म्याद थप	म्याद थप पछि सम्पन्न गर्नुपर्ने मिति	हालसम्मको प्रगति प्रतिशत
१	९-०७८।७९	२०७८।०७।११	२०८०।१०।२९	५ पटक, २६ महिना	२०८२।१२।३०	५१.८९

४१.२ बिमाको म्याद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) बमोजिम निर्माण कार्यको ११५ प्रतिशतको त्रुटी सच्चाउने अवधी सम्मको वीमा गराउनुपर्ने व्यवस्था रहेको छ । यस भवन निर्माणको ठेक्कामा रु. ५,२७,२५,८९०.४३ को निर्माण कार्य रहेकोमा सोको ११५ प्रतिशतले हुने रकम रु. ६,०६,३४,७७४ बराबरको बिमा म्याद थप पछि कायम भएको २०८३ बैशाख मसान्त सम्मको अवधी रहने गरी नविकरण हुनुपर्नेमा पोलिसी नं. Pol/10041/EN-CAR/21/220007 को फेब्रुअरी १२, २०२५ अर्थात २०८१ माघ ३० सम्मको रु. ५,२७,२८,५९०.४३ बराबरको निर्माण कार्यको मात्र प्रमाण पेश भएकोले सम्झौता बमोजिमको बिमाको म्याद थप भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

४१.३ **डण्डीको स्वीकृत दर र ल्याब रिपोर्ट**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५(२) मा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत बुझि वा नबुझि अस्वभाविक न्युन कबोल अंक उल्लेख गरेको यकिन गरी जाँच गर्नुपर्नेछ र समितिले दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नुपर्नेछ भन्ने व्यवस्था छ। निर्माण व्यवसायीले डण्डीको प्रति मेट्रिकटन रु. १,१७,२१९ लागत अनुमान भएको आईटममा प्रति मेट्रिक टन रु. १४० कबोल गरि अस्वभाविक न्युन कबोल गरेको पाईयो । निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगरी पाँच पटकसम्म म्याद थप गर्नुको कारणमध्ये प्रमुख कारण सो समेत रहेको देखिन्छ । उक्त भवन निर्माणमा १३०.६२ मेट्रिकटन फलामे छड लाग्ने अनुमान गरिएकोमा चौथो रनिङ् बिलसम्म ७७.३३ मेट्रिकटन खपत भएको देखिन्छ । यस आयोजनाको गुणस्तर नियमन सहित समयमै कार्यसम्पन्न गर्नुपर्दछ ।

४१.४ पेश्की भुक्तानी र फछ्र्यौट- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछ्र्यौट हुन नसकेमा सार्वजनिक निकायले बैक जमानतको रकम सम्बन्धित बैकबाट प्राप्त गरि पेश्की फछ्र्यौट गर्नुपर्नेछ।पालिका र निर्माण व्यवसायीबिच भएको प्रशासकीय भवन निर्माण सम्झौताको SCC को GCC 57.3 मा "Advance payment completely repaid prior to the end of 80% of the approved contract period." भन्ने व्यवस्था रहेको देखिन्छ । उक्त व्यवस्था बमोजिम सम्झौता भएको अवधि २०७८ कार्तिक ११ देखि म्याद थप पश्चात कायम भएको अवधी २०८२ चैत्र ३० को ८० प्रतिशतले हुने अवधी २०८२ जेठ ९ गते भित्र निर्माण व्यवसायीले लगेको पेश्की रु. ६१,७७,६५० फछ्र्यौट भई सक्नुपर्नेमा हालसम्म पनि फछ्र्यौट हुन बाँकी देखिएकोले पेश्की जफत गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६१,७७,६५०

४२ **१५ शैया अस्पताल -**

मिति २०७८।०२।०६ मा रु. १७,०३,८७,४३७.५४ लागत अनुमान भएको कार्य निर्माण व्यवसायी प्राकृतिक रबिना जेभीसँग रु. १६,९३,२४,६२८ मा सम्झौता भई प्रथम भेरियसन मार्फत रु. १८,५९,३३,२६६.०७ कायम गरी २०८०।११।२९ शुरु सम्पन्न मिति रहेकोमा हालसम्म तेस्रो पटक म्याद थप गरी २०८२।०६।३० सम्म सम्पन्न गर्ने तय गरेकोमा हालसम्म ९ वटा आईपिसीबाट रु. १७,५९,१८,५३५ को अद्यावधिक कार्य भएको देखिन्छ । यस वर्ष गो.भौ.नं ४, १, २१४ बाट रु. ३,६६,०९,९१४ भुक्तानी भएकोमा सोको परीक्षण गर्दा देखिएका व्यहोराहरु देहायबमोजिम रहेको छः

जडान र प्राविधिक परीक्षण बेगर भुक्तानी- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएको मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परिक्षण गर्नु गराउनुपर्दछ । पालिकाले गो.भौ.नं. ४-२०८२।०३।२३ र २१४-०८२।०३।२३ बाट भुक्तानी गर्दा विद्युत पूर्वाधारको व्यवस्था वेगर जडान र परीक्षण नगरी निर्माण व्यवसायीले आपूर्ति गरी निर्माण स्थलमा मौज्दात राखेको आधारमा तपसिलका आईटमा भुक्तानी दिएको सम्बन्धमा जडान गरी संचालन भएको कार्यसम्पन्न प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्ने रु.

कामको विवरण	परिमाण	रकम
Main Distribution Board-150A TPN MCCB-1, 100A TP MCB	१	४०००००
GDB- Design, fabrication, supply, delivery, installation and testing	१	४५०००
FDB- Design, fabrication, supply, delivery, installation and testing	१	४५०००
HVAC DB- Design, fabrication, supply, delivery, installation and testing	१	६००००
GDB-1, GDB-2, GDB-3, FDB-1, FDB-2, UPS-1, UPS-2	८	२७००००
Supply of UPS, Fixing, Interconnection, testing and commissioning complete as per drawing 3.5 ton Cassettee Air Conditioner	१	३०००००
Supply of UPS, Fixing, Interconnection, testing and commissioning complete as per drawing 1.5 ton Cassettee Air Conditioner	१	१५००००
Supply of UPS, Fixing, Interconnection, testing and commissioning complete as per drawing 1.5 ton Cassettee Air Conditioner	३	४५००००
Split type 0.75 ton AC automatic digital control hot and cold dust and rust free with automatic power stabilizer	४	२८००००
जम्मा		२०,००,०००।-
मू. अ. कर		२,६०,०००।-
कुल जम्मा		२२,६०,०००।-

विगत वर्षहरुमा समेत युपिएस, जेनेरेटर लगायतका ईलेक्ट्रिक आईटमा भुक्तानी भएकोमा हालसम्म पनि ती उपकरण परीक्षण गरेको पाईएन् ।

प्रमाण पेश नगरेको	२२,६०,०००

४३ **खरिद प्रतिस्पर्धा-**

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रतिष्पर्धी र मितव्ययी ढंगले खरिद गर्नुपर्ने र प्याकेजिङ्ग गर्न मिल्ने सामानको खरिद प्रतिस्पर्धा हुने गरी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका तपसिल बमोजिम प्याकेजिङ्ग गर्न मिल्ने सामान पटक पटक सोझै खरिद गरेकोमा खरिद प्रतिस्पर्धा हुने गरी खरिद प्रबन्ध गर्नुपर्ने देखिन्छ ।

फर्निचर तथा फिक्सचर्स			
गो.भौ.नं र मिति	**सामानको नाम**	**रकम**	**भूक्तानी पाउने आपूर्तिकर्ता**
१८०-०८२।०३।१६	टेबल, दराज कुर्ची, पर्दा, कार्पेट	७५०७४८	संगम ट्रेडिङ्ग
२०६-०८२।०३।२३	टेबल कुर्ची लगायत	९९६३२१	साची काष्ठ फर्निचर उद्योग
जम्मा		**१७,४७,०६९**	
कम्प्युटर तथा कार्यालय उपकरण			
१७२-०८२।०३।११	ल्यापटप कम्प्युटर, प्रिन्टर र डेक्सटप	९९८१३२	लोयल कम्प्युटर सप्लायर्स
५९-०८१।१२।२८	कम्प्युटर	१५००००	पर्फेक्ट कम्प्युटर
१०२-०८२।०१।१४	ट्याब, प्रिन्टर	२९९८४७	नासा कम्प्युटर
१५४-०८२।०२।२८	डेस्कटप, कम्प्युटर र ल्यापटप	१५१०००	न्यु एपेक्स टेक्नोलोजी
जम्मा		**१५,९८,९७९**	
सोलार तथा ईलेक्ट्रिकल सामान			
७३-०८१।१२।२७	समरसेबल पम्प	४८०१४७	सनवृज सोलार नेपाल प्रा.लि.
७४-०८१।१२।२७	सोलार प्यानल, मोटर पम्प	९६३४३०	एरोटेक ईन्जिनियरिङ्ग प्रा.लि.
१८२-०८२।०३।१७	सडक बत्ती	९७०००	भैरब ईलेक्ट्रिक एण्ड लाईट हाउस
९६-०८२।०१।१०	सोलार प्यानल	७९६९३६	आर्कलाईट ट्रेडिङ्ग एण्ड सर्भिस प्रा.लि.
१९५-०८२।०३।३०	मोटर पम्प	२३७६५०	भावना सप्लायर्स
९८-०८२।०१।११	सोलार प्रणाली	९९६८९९	अल्फाबिटा ईन्जिनियरिङ्ग प्रा.लि.
१९१-०८२।०३।२०	मोटर पम्प	५३३४१६	एस.एण्ड.एस प्रकृति ईन्जिनियरिङ्ग प्रा.लि.
जम्मा		**४१,०५,४७८**	

४४ **रुक्से भञ्ज्याङ्ग खानेपानी -**

बृहत रुक्सेभन्ज्याङ्ग खानेपानी उपभोक्ता समितिसँग रु. ३३,३४,६६०.०९ लागत अनुमानको आयोजना २०८२।०३।१५ मा सम्पन्न गर्ने गरी २०८१।१०।२४ मा सम्झौता भई गो.भौ.नं १९९-२०८२।०३।२० बाट रु. २८,११,३०१।- भुक्तानी भएकोमा सोको परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्,:

४४.१ **समितिले निर्माण व्यवसायीको प्रयोग-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैँले सम्पन्न गराउनु पर्ने तथा कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नपाउने व्यवस्था गरेको छ ।उपभोक्ता समितिले मोटर पम्प, ट्रान्सफर्मर, मिटर तथा कन्ट्रोलर खरिद तथा जडान र परीक्षणको कार्य गोडिमाल निर्माण सेवा प्रालिसँग गराई तपसिल बमोजिम उक्त निर्माण सेवाको बिजक सहितको कार्यसम्पन्न पेश गरेको छ ।जटील प्रकृतिका निर्माण कार्यहरु प्रतिस्पर्धाको माध्यमबाट निर्माण व्यवसायीबाट गराउनुपर्दछ ।

गो.भौ.नं. र मिति	भुक्तानी रकम	उपभोक्ता समिति	कार्य	निर्माण व्यवसायी	निर्माण व्यवसायीको बिजक रकम
१९९-०८२।०३।२०	२८,११,३०१	बृहत रुक्सेभन्ज्याङ्ग खानेपानी उपभोक्ता समिति	पम्प, मिटर, ट्रान्सफर्मर खरिद तथा जडा	गोडिमाल निर्माण सेवा प्रालि.	२५,६५,७१०

४४.२ विद्युतीय सामाग्रीको वारेन्टी प्रबन्ध : उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिम स्पेसिफिकेशनमा आपूर्ति भएका विद्युतीय वा सोलार मैत्री सामानहरुको वारेन्टी तथा ग्यारेन्टी अवधि १ वर्षको हुनुपर्ने व्यवस्था रहेको छ । समितिले गोडिमाल निर्माण सेवासँग रु.१९,६४,३७८ को विद्युतीय सामाग्री खरिद गरेकोमा सोको वारेन्टी तथा ग्यारेन्टी सुनिश्चित गर्न कुनै प्रबन्ध गरेको पाईएन् । तसर्थ विद्युतीय सामाग्रीको खरिदमा वारेन्टी अवधिको जमानत कट्टी गरि पालिकाले भुक्तानी गर्नुपर्दछ ।

४५ **उपभोक्ता समिति दर्ता तथा योजना हस्तान्तरण** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १२३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ४,०३,९८,४४६।- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । साथै कार्यसम्पन्न भएका कुनै पनि कार्य उपभोक्ता समितिलाई हस्तान्तरण भएको समेत पाईएन् । ऐनको व्यवस्था बमोजिम सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्दछ ।

४६ **उपभोक्ता समितिमार्फत सामान खरिद** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत स्थानीय सिप प्रयोग हुने श्रममूलक कार्य गराउनुपर्ने व्यवस्था रहेको छ। नमुना परीक्षण गर्दा पालिकाले उपभोक्ताको श्रम सहभागिता नहुने प्रकृतिको सामान खरिद मात्रको कार्य समेत तपसिल बमोजिम उपभोक्ता समिति मार्फत गराएको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं. मिति	उपभोक्ता समितिको नाम	कार्य	भुक्तानी भएको रकम
६५-०८१।१२।१५	कोटथर टोल सुधार समिति	फर्निचर र फर्निसिङ्ग सामाग्री खरिद	२,९०,०००
५४-०८१।११।१२	सुकेकोट आमा समुह भवन व्यवस्थापन	ईलेक्ट्रिकल तथा किचन सामग्री खरिद	१,४५,५००
३५-०८१।१०।१०	सुर्यकिरण प्रा.वि. व्यवस्थापन समिति	खेलकुद सामाग्री	१,५०,०००
१५२-०८२।०२।२८	गल्धाफाँट शिव मन्दिर व्यवस्थापन समिति	सांगितिक सामाग्री	१,००,०००
८५-०८१।१२।२८	मदनपुर टोल विकास संस्था	मिटर बक्स खरिद	१,३०,४०९
जम्मा			**८,१५,९०९**

अनियमित भएको	८,१५,९०९

४७ **गैरसरकारी संस्थाको भवन निर्माण**-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(२) मा मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थाबाट प्रस्ताव माग गरी कार्य गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले तपसिल बमोजिमका सामुदायिक भवन गैरसरकारी संस्थाबाट निर्माण गरी भुक्तानी दिएको पाईयो । यसरी पालिकाले गैरसरकारी संस्थालाई भवन निर्माण अनुदान दिँदा उक्त संस्थाको आय व्ययको लेखापरीक्षण प्रतिवेदन संलग्न गरी आवश्यकताका आधारमा मात्र दिनुपर्दछ ।

गो.भौ.नं. र मिति	गैरसरकारी संस्थाको नाम	कार्य	भुक्तानी रकम
१४७-०८२।०२।२८	घुँसिवार सामुदायिक विकास मञ्च	भवन निर्माण	४,५३,२९७
१६०-०८२।०२।३०	जनकल्याण समाज केन्द्र	भवन निर्माण	७,७६,०००
७६-०८१।१२।२८	पोखरी थर एकता समाज	भवन निर्माण	४,८३,२९९
जम्मा			१७,१२,५९६

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : निस्दि गाउँपालिका, पाल्पा , निस्दी गाउँपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मदन अर्याल	२०८०-११-२	हाल सम्म कार्यरत
लेखा प्रमुख	सरोज काफ्ले	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३०,१८२,७०७	२,५४५,५५०	४,४५२,८१५	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३७,१८१,०७२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३७,१८१,०७२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७५२५३३५५.२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३७६४५९४१९	चालु खर्च	३८०२०४५५९.२२
प्रदेश सरकारबाट अनुदान	१९१७५५३८	पूँजीगत खर्च	१२६५१२८२५.२८
राजश्व बाँडफाँट	१२७३०५६५५.८२	वित्तीय/अन्य व्यवस्था	१४१३९८७०९.७२
आन्तरिक आय	२१३२७१८८.०६		
अन्य आय	१२०९३०७३९.७५		
कुल आय	६६५१९८५४०.६३	कुल खर्च	६४८११६०९४.२२
बाँकी मौज्दात		९२३३५८०१.६१	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन(बजेट र गैरबजेट निकाय)			
क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.कोकारोबार	गत आ.ब. कोकारोबार
		जम्मा	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति		
११०००	कर	९,७५,१९,५३२.२२	८,७६,६५,१४३.८५
१३०००	अनुदान	३७,००,९९,१२१.२८	३७,९६,४६,५९६.७२
१४०००	अन्यराजस्व	५,११,१३,३११.६६	३,२७,८५,१५७.४५
१५०००	विविधप्राप्ति	०	४,५७,३६३.६३
क	**कुलजम्मा प्राप्ति**	५१,८७,३१,९६५.१६	५०,०५,५४,२६१.६५
३	चालु	३८,०२,०४,५५९.२२	३७,४२,००,६५०.३६
२१०००	पारिश्रमिक / सुविधा	२६,३२,७१,७७०.९०	२५,९१,८७,४३३.९८
२२०००	मालसामानतथा सेवाको उपयोग	११,५७,१६,९३८.३२	११,३०,४८,६९४.३८
२७०००	सामाजिकसुरक्षा	०	४,९९,०००.००
२८०००	अन्यखर्च	१२,१५,८५०.००	१४,६५,५२२.००
४	पूंजीगत	१२,६५,१२,८२५.२८	१७,३५,२०,८७०.००
३१११०	भवनतथा संरचना	२,२१,५४,४३८.००	४,४७,६३,७६९.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	४७,३४,२००.५८	६५,८२,०८६.००
३११३०	अन्यपूँजीगत खर्च	२१,९५,७०३.००	२४,०९,१९३.००
३११५०	सार्वजनिकनिर्माण	९,४१,७१,४७०.७०	११,७२,२०,०४८.००
३११६०	निर्मितसरचनाकोसुधार खर्च	२६,५२,५९६.००	२३,४५,७७४.००
३११७०	पूँजीगतसुधार खर्च	६,०४,४१७.००	२,००,०००.००
ख)	**कुलजम्मा भुक्तानी**	५०,६७,१७,३८४.५०	५४,७७,२१,५२०.३६
ग)	**बचत /कमी (ग = क-**	१,२०,१४,५८०.६६	(४,७१,६७,२५८.७१)

	ख)		
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	५०,६७,८६०.००	९,२७,९१८.९८
घ.१)	कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी		
ङ)	यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	१,७०,८२,४४०.६६	(४,६२,३९,३३९.७३)
च)	गतआ.व.को नगद तथा बैंक मौज्दात	७,५२,५३,३५५.२०	१२,१४,९२,६९४.९३
(छ)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	९,२३,३५,७९५.८६	७,५२,५३,३५५.२०

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

●वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।

●आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।

●स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

● भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन मितव्ययी रुपमा प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

●अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

● व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।

●एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

●खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

● स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

●बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

●पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

●कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

●जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।

●कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।

●सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

●आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

●वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

●सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

●जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

●सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

●सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

●सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।

●सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

●सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।

●स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

● पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।